केन्द्रीय दैवी प्रकोप उद्दार समितिको मिति २०७४ साल श्रावण १५ गते आइतबार बसेको बैठकको निर्णयहरु:

निर्णय नं. १

धादिङ्ग जिल्लाको गंगाजमुना गाउपालिका वडा नं. २ प्रनुङ्का १२ घरपरिवार र सोही गाउँपालिकाको वडा नं. १ रि गाउँका विस्थापित ५ घर परिवारहरु समेत गरी जम्मा १७ घरपरिवार अति जोखिममा रहेको सम्बन्धमा अघिल्लो केन्द्रीय दैवी प्रकोप उद्दार समितिको निर्णयबाट गठित टोलीले स्थलगत अवलोकन भ्रमण र अध्ययन गरी पेश गरेको प्रतिवेदनको सिफारिश बमोजिम देहाय अनुसार गर्ने निर्णय गरियो ।

क) धादिङ्ग जिल्ला २०७२ सालको विनाशकारी भूकम्पबाट अति प्रभावित जिल्ला भएको र यो जिल्ला राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्य क्षेत्रमा रहेकोले उल्लिखित १७ घरपरिवारहरुलाई लाभग्राही सूचीमा राखी जोखिम युक्त बस्ती स्थानान्तरण तथा पुर्स्थापना सम्बन्धी कार्यविधि, २०७३ बमोजिम स्थानान्तरण एवं पुर्नवास गर्न गराउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई अनुरोध गर्ने ।

ख) उक्त क्षेत्रको माथिवाट बगेको पानी तथा भललाई पहिरो गएको स्थानमा जान नदिन कुलो तथा नाली मार्फत तत्काल निकासको व्यवस्था मिलाउनु पर्ने भएकोले सम्बन्धित गाउँपालिका र जल उत्पन्न प्रकोप व्यवस्थापन विभागलाई निर्देशन दिने ।

ग) वर्षातको समय सकिना साथ उक्त पहिरो क्षेत्र र आसपासको क्षेत्रमा वायो इन्जिनियरिङ प्रविधिमा आधारित पहिरो रोकथाम कार्य सिंचाई मन्त्रालय/जल उत्पन्न प्रकोप व्यवस्थापन विभागबाट गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. २

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, कृषि विकास मन्त्रालय, सिंचाइ मन्त्रालय, उर्जा मन्त्रालय, उद्योग मन्त्रालय, आपूर्ति मन्त्रालय, शिक्षा मन्त्रालय, रक्षा मन्त्रालय, सूचना तथा संचार मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पशुपंछी विकास मन्त्रालयहरुबाट प्रस्तुत कार्ययोजना तथा विवरणहरुका सम्बन्धमा छलफल भयो । विपद् व्यवस्थापनका लागि नयाँ प्रविधिको प्रयोग, क्षमताबृद्धि, भण्डारण क्षमता बृद्धि, राहत वितरण, जस्ता कार्यहरु गर्न आ-आफ्ना मन्त्रालयहरु पूर्ण तयारीका अवस्थामा रहने ।

निर्णय नं. ३

रामेछाप र बझाङ्ग जिल्लाका बाढी पहिरो प्रभावित तथा विस्थापित क्षेत्रका घरपरिवारलाई स्थानान्तरण वा पुनर्वास गर्नुपर्ने भए सोको व्यवस्थाका लागि रामेछापको हकमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यविधि अनुसारको जग्गा खरिद र घर निर्माणका लागि रकम उपलब्ध गराउन प्रक्रिया अगाडि बढाउने र बझाङ

जिल्लाका हकमा सोही मापदण्ड बमोजिम हुने मरी कार्य अगाडि बढाउन शहरी विकास मन्त्रालयलाई अनुरोध गर्ने । उक्त जिल्लाहरुका विस्थापित नभएका तर विपद्का कारण खानेपानीको अभाव भएका क्षेत्रमा तत्कालै खानेपानीको व्यवस्था खानेपानी विभागले मिलाउने, बाढी पहिरोले नहर/कुलो बगाई खेती हुन नसकेका क्षेत्रमा तत्काले आपत्कालीन सिंचाई प्रणालीको व्यवस्था गर्न तथा पहिरो नियन्त्रण गर्नका लागि सिंचाई मन्त्रालयले अधिकार सम्पन्न टोली खटाई सिंचाई व्यवस्था र पहिरो नियन्त्रण कार्य गर्ने गराउने ।

निर्णय नं. ४

तराई मधेशका खेतीयोग्य सुख्खाग्रस्त क्षेत्रमा स्थलगत अध्ययन गरी आवश्यक निर्णय समेत गरी कृषि विकास मन्त्रालयले तत्काले वैकल्पिक सिंचाईको व्यवस्था मिलाई खेतीपाती गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ५

भूकम्प प्रभावित ३१ जिल्ला र बाढी पहिरो प्रभावित बाँके, बर्दिया, दाङ्ग, सुर्खेत र सिन्धुपाल्चोकको जुरे क्षेत्रका प्रकोप पीडितहरुलाई दिने निर्णय भएको रकम भूकम्प प्रभावित जिल्लाहरुका हकमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले र अन्य जिल्लाका हकमा शहरी विकास मन्त्रालयले निजहरुको खातामा रकम पठाई काम भए पछि भुक्तानी हुने व्यवस्था मिलाउने ।

निर्णय नं. ६

ठूला दुर्घटनामा परेकाहरुको उपचारमा समस्या भएको देखिएकाले राष्ट्रीय ट्रमा सेण्टरको उद्देश्य अनुरुप त्यहाँ उपचारको व्यवस्था मिलाउने र सोको लागि फोकल पर्सन तोकी केन्द्रीय दैवी प्रकोप उद्दार समितिलाई जानकारी गराउने व्यवस्था स्वास्थ्य मन्त्रालयले मिलाउने ।

निर्णय नं. ७

सिन्धुपाल्चोक जिल्लाको कोदारी लोकमार्गको भोटेकोशीमा भत्केको पुललाई तत्काले निर्माण गर्न कठिन भएकोले हाललाई नेपाली सेनासँग रहेको एक्रो ब्रीज जडान गरी यातायात सुचारु गराउन भौतिक पूर्वाधार तथा निर्माण मन्त्रालयले रक्षा मन्त्रालय मार्फत् नेपाली सेनासँग समन्वय गरी उक्त पुल त्यहाँ ढुवानी गरी ३ दिनभित्र जडान कार्य शुरु गर्ने ।

निर्णय नं. ८

संघीय ढाँचा अनुरुप विपद् व्यवस्थापनका कार्यहरुलाई पारदर्शी, सरल तथा जनमैत्री बनाउन प्राप्त सुझावहरुलाई समेटेर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयकलाई तत्काल अगाडि बढाउने ।

निर्णय नं. ९

विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रीय गैरसरकारी संस्थाहरुले गरेको लगानीसम्बन्धी विवरण अर्थ मन्त्रालयसँग रहने व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने ।

निर्णय नं. १०

केन्द्रीय दैवी प्रकोप उद्दार समितिलाई आउने सूचना गृह मन्त्रालयको विपद् व्यवस्थापन महाशाखाले सम्बन्धित निकायमा तत्काल पठाउने र यस्तो सूचनालाई नै निर्देशनको रुपमा लिई काम कारवाही अगाडि बढाउने । सबै निकायहरुले विपद्का क्षेत्रमा गरेका कामहरुको, जानकारी गृह मन्त्रालयको विपद् व्यवस्थापन महाशाखालाई उपलब्ध गराउने र महाशाखाले समन्वय गरी एकीकृत प्रतिवेदन तयार गर्ने । साथै संघीय ढाँचामा विपद् व्यवस्थापनको कार्यलाई थप व्यवस्थित गर्न स्थानीय प्रदेश र संघको विपद् व्यवस्थापन कार्यसञ्चालन कार्यविधि तयार गर्ने ।

निर्णय नं. ११

स्थानीय प्रशासन र स्थानीय तहसँग समन्वय गरी स्थानीय स्तरमा स्वयंसेवक तयार गर्ने र त्यस्ता स्वयंसेवकलाई सुरक्षाकर्मी सम्मिलित प्रशिक्षकले तालीम दिने व्यवस्था मिलाउने । गृह मन्त्रालयले स्वयंसेवक ब्यूरो गठन गर्ने ।

निर्णय नं. १२

हेभिइक्विपमेण्ट सवारी चालकहरुको अभावका कारण विपद्का समयमा हेभिइक्विपमेण्टहरु परिचालन गर्न समस्या पर्न सक्ने संभावना भएकाले सम्बन्धित यातायात कार्यालयहरुबाट हेभिइक्विपमेण्ट सवारी चालक अनुमतिको परीक्षा संचालन गर्ने व्यवस्था मिलाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई अनुरोध गर्ने ।